# देवघाट गाउँपालिका गाउँकार्यपालिकाको बैठक

बैठक मितिः२०८१।१२।०९ गते शनिबार    बैठक समयः बिहान ११:०० बजे

अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

बैठक संख्याः १२-२०८१/०८२    स्थानः गाउँ कार्यपालिकाको कार्यालय

<u>उपस्थितिः</u>

| क्र.स. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री तिल बहादुर थापा | गा.पा.अध्यक्ष | | |
| २ | श्री भुवन सिं गुरुङ | गा.पा.उपाध्यक्ष | | |
| ३ | श्री मनि राज गुरुङ | १ नं. वडाअध्यक्ष | मनि | |
| ४ | श्री मीन बहादुर राना मगर | २ नं. वडाअध्यक्ष | | |
| ५ | श्री टेक बहादुर आले | ३ नं. वडाअध्यक्ष | | |
| ६ | श्री मित्र लाल गुरुङ | ४ नं. वडाअध्यक्ष | | |
| ७ | श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाअध्यक्ष | | |
| ८ | श्री बाल कुमारी परियार | कार्यपालिका सदस्य | बाल | |
| ९ | श्री हुम माया खान | कार्यपालिका सदस्य | | |
| १० | श्री यम माया गुरुङ | कार्यपालिका सदस्य | | |
| ११ | श्री मन माया वि.क. | कार्यपालिका सदस्य | मन माया | |
| १२ | श्री गंगा सिं वि.क. | कार्यपालिका सदस्य | | |
| १३ | श्री बाबुराम परियार | कार्यपालिका सदस्य | | |
| १४ | दिनेश सारु | सदस्य सचिव | | |
| | अन्य उपस्थिति | | | |
| | गोविन्द प्रसाद पौडेल | अधिकृत | | |
| | शरद न्यौपाने | लेखा अधिकृत | | |
| | सुवास सापकोटा | प्रा.स. ? | | |
| | कृष्णराज पन्त ? | कार्यक्रम अधिकृत | | |
| | सुनीमाया थापामगर | का.स | सुनी | |

<u>प्रस्तावहरुः</u>

प्रस्ताव नं.१ : समीक्षा सम्बन्धमा।

प्रस्ताव नं.२ : योजना कार्यान्वयन सम्बन्धमा।

प्रस्ताव नं.३ : विपद व्यवस्थापन सम्बन्धमा।

प्रस्ताव नं.४ : आ व २०८०।०८१ को म ले प को प्रारम्भिक प्रतिवेदन सम्बन्धमा।

प्रस्ताव नं.५: अन्य विविध।

निर्णय नं.१ : प्रस्ताव नं. १ का सम्बन्धमा यस अगाडीको बैठकमा गरिएका निर्णयहरु बारे समिक्षा गरियो र कार्यान्वयनमा आएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र गर्न बाँकी निर्णयहरुलाई कार्यान्वयनको प्रकृयामा अगाडी बढाउने सर्वसम्मत रुपमा निर्णय गरियो।

निर्णय नं.२ : प्रस्ताव नं २ माथि छलफल गर्दा यस देवघाट गाउँपालिकाको चालू आ.व.२०८१।०८२ को स्विकृत बार्षिक विकास कार्यक्रमहरु नियमित तथा गुणस्तरिय रुपमा प्रभावकारी तवरले सम्पन्न गर्न २०८१ चैत्र १५ गते भित्र सम्झौता तथा कार्यादेश गरि बढिमा २०८२ जेठ मसान्त भित्र फरफारक हुने गरि योजना कार्यान्वयन प्रकृया अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं.३ : प्रस्ताव नं ३ माथि छलफल गर्दा देवघाटगाउँपालिका विपद व्यवस्थापन समितिको मिति २०८१।११।२८ को निर्णयानुसार सिफारिस भई आएका देहायबमोजिमका निर्णयहरु सर्वसम्मत रुपमा पारित गरियो।

क. देवघाट- ४ बस्ने आसमायाँ गुरुङको भान्छाघरमा आगलागी भएर क्षति भएकोमा आवश्यक कागजात संलग्न गरि बढीमा रु. दश हजार रुपैयाँ राहत स्वरुप विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

ख. देवघाट-४ बस्ने सुक बहादुर भुजेलको गोठमा आगलागि भएर क्षति भएकोमा आवश्यक कागजात संलग्न गरि बढीमा रु. दश हजार रुपैयाँ राहत स्वरुप विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

ग. मिति २०८१ असोज १० देखि १३ गते सम्म परेको अविरल विनाशकारी बर्षातका कारण देवघाट गाउँपालिका वडा नं ५ स्थित विद्युत तारमा पुरै क्षति पुगि सो व्यवस्थापन गर्ने प्रयोजनार्थ सो बिजुलीको तार त्रिशुली नदि पार गर्दा लागेको खर्चका सम्बन्धमा आवश्यक कागजात संलग्न गरि बिल भरपाई बमोजिमको रकम रु. ८१०५०। विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने।

घ. देवघाट गाउँपालिका वडा नं ५ स्थित भर्जन कालिका देवी मन्दिर नजिकै मन्दिरलाई क्षति पुर्याउने गरि सुख्खा पहिरो गई मन्दिर संरक्षणमा व्यवधान उत्पन्न भएकोले मन्दिर संरक्षणका लागि प्राविधिक नापजाँचका तथा मौज्दात अनुरुप ग्याविन जाली उपलब्ध गराउन जिन्सी शाखालाई सिफारिस गर्ने ।

ङ. देवघाट गाउँपालिका वडा नं १ कोटामा मिति २०८१। ०६।१० देखि १३ गते सम्मको अविरल विनाशकारी बर्षातका कारण विद्युत तार तथा पोलमा क्षति पुगि विधुत सेवा अवरुद्ध भएकोमा सो बिजुलीको तार र पोल मर्मत गर्दा लागेको विल बमोजिमको खर्च रु. ५२२००। आवश्यक कागजात संलग्न गरि विपद व्यवस्थापन कोषबाट भुक्तानी दिने।

च. यस देवघाट गाउँपालिका वडा नं ५ स्थित बासुचोकबाट क्षेत्रविकास समितिको भवन,टाउन चोक हुँदै देउपुर गुम्बा सम्म पर्ने सडकमा मानविय तथा भौतिक क्षति पुर्याई विपद निम्त्याउन सक्ने जोखिम युक्त रुखहरु रहेको कारण जनजीवन जोखिमपूर्ण रहेकोले सो स्थानहरुका उक्त जोखिमयुक्त रुखहरु (अनुमानित १४ वटा ) कटान गरि हटाउन डिभिजन वन कार्यलय दमौली,तनुहँलाई हटाउन अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं.४ : प्रस्ताव नं ४ माथि छलफल गर्दा देवघाट गाउँपालिकाको आर्थिक बर्ष २०८०।०८१ को प्रारम्भिक प्रतिवेदन उपर व्यापक छलफल गरियो। बेरुजु प्रकृति तथा रकम एकिन गरि समयमै सम्परिक्षण गर्ने प्रयोजनार्थ बेरुजुको प्रकृति अनुरुप फर्छ्यौट गरि सम्परिक्षणका लागि आवश्यक पत्राचार तथा ताकेता गर्ने निर्णय गरियो। साथै स्वरोजगार उद्यम विकास कोष सञ्चालन नियमावली,२०७४ अनुरुप कार्यालयबाट प्रवाह गरेको ऋण लगानी सम्बन्धमा हाल सम्म नियमानुसार फिर्ता नगरेको भनि म ले प प्रतिवेदनबाट औल्याइएको हुँदा १० दिन भित्र फिर्ता गर्न पत्राचार गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं.५ : प्रस्ताव नं ५ माथि छलफल गर्दा देहायबमोजिमका निर्णयहरु सर्वसम्मत रुपमा गरियो।

क. देवघाट गाउँपालिका गाउँ शिक्षा समितिको निर्णयानुसार सिफारिस भई आएका देहायबमोजिमका निर्णयहरु सर्वसम्मत रुपमा पारित गरियो।

बहादुर थापा

अ. यस देवघाट गाउँपालिका वडा नं १ स्थित श्री पार्वती माध्यमिक विद्यालयले प्रारम्भिक बालविकासमा अध्ययन गर्ने बालबालिकाहरु बढी भएको हुँदा १ ओटा बालविकास सहजकर्ता माग गरेको सम्बन्धमा मौज्दात दरबन्दीबाट मिलान हुने गरि आवश्यकता तथा औचित्यताका आधारमा मिलान गरि कायम गर्ने ।

आ. यस देवघाट गाउँपालिका वडा नं ५ मा अवस्थित श्री Shree Holylane English Boarding School ले कक्षा ८ संचालनको आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गरी कक्षा ८ संचालन अनुमतिको लागि अनुमति माग गरेकोमा थप कक्षा सञ्चालनको सम्पूर्ण मापदण्ड तथा प्रकृया पूरा गरि थप कक्षा ८ सञ्चालनको अनुमति प्रदान गर्ने।

इ. यस देवघाट गाउँपालिकाबाट प्रतिनिधित्व गरि जिल्लास्तरीय राष्ट्रप्रति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागी भई स्वर्ण, रजत र कास्य पदक प्राप्त बिजेता खेलाडी विद्यार्थीहरुलाई क्रमशः रु. ८०००।, ५०००। र ३०००। प्रशिक्षकलाई रु५००० .। का दरले नगद तथा प्रमाणपत्र सहित प्रोत्साहन स्वरुप सम्मान गर्दै उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

ख. पूर्वाञ्चल गन्धर्व साँस्कृतिक उत्थान समाज,झापाले नेपाली लोक संस्कृतिलाई संरक्षण र संबर्द्धन गर्ने सम्बन्धमा पूर्व मेची देखि पश्चिम महाकाली सम्म वृहत सांस्कृतिक अभियान सञ्चालन गर्ने प्रयोजनार्थ गाउँपालिकाको कार्यालय मै उपस्थित भई सांस्कृतिक प्रस्तुती गरि आर्थिक सहायता समेत माग गरेकोमा उक्त संस्थालाई बिस हजार रुपैयाँमा नबढ्ने गरि अन्य संस्था सहायता खर्च शिर्षकबाट रकम उपलब्ध गराउने निर्णय गरियो।

ग. नेपाल मगर संघ,गण्डकी तमुवान मगरात प्रदेश समितिले मगर मौलिक संस्कृतिको संरक्षण तथा संबर्द्धन गर्ने प्रयोजनार्थ गण्डकी प्रदेश स्तरिय मगर मौलिक सांस्कृतिक महोत्सव २०८१ कार्यक्रम भव्य रुपमा सम्पन्न गरेको र सो कार्यक्रम सञ्चालन गर्दा संघलाई आर्थिक व्ययभार बढी परेको भनि आर्थिक सहायता माग गरेकोमा उक्त संस्थालाई अन्य संस्था सहायता खर्च शिर्षकबाट रु. पचास हजार रुपैयाँ उपलब्ध गराउने निर्णय गरियो।

घ. यस देवघाट गाउँपालिका वडा नं ४ निवासी पदम सिंह गुरुङको छोरा श्री राम बहादुर गुरुङ (ना.प्र.नं ६५८०२) खुट्टामा शारिरिक समस्या देखा परि उपचार गरिरहेको र हाल स्टिल सपोर्ट वा रड राख्नु पर्ने भएको र घरको आर्थिक अवस्था कमजोर रहको भनि औषधी उपचारको लागि सहायता माग गरेकोमा आर्थिक सहयोग खर्च शिर्षकबाट रु.पचास हजार रुपैयाँ उपलब्ध गराउने निर्णय गरियो।

ङ. नेपाल क्राँते महासंघ,नेपाल सितोरियो कराँते संघ,तनहुँले ११ औं जिल्ला स्तरिय कराँते प्रतियोगिता सभ्य र भव्य रुपमा सम्पन्न गरेको व्यहोरा अवगत गराउँदै आर्थिक अभावका कारण आर्थिक सहायता माग गरेकोमा अन्य संस्था सहायता खर्च शिर्षकबाट रु. पचास हजार रुपैयाँ उपलब्ध गराउने निर्णय गरियो।

च. यस कार्यालयको गत आ.व.२०८०।०८१ मा LISA /FRA सम्बन्धमा जिल्ला समन्वय समिति तनहूँबाट चेकजाँच भई आएको प्रारम्भिक नतिजाको अनुमोदन पश्चात प्राप्त भएको प्रारम्भिक अंक अनुमोदन गरि अन्तिम नतिजा सार्वजनिकिकरण गर्ने निर्णय गरियो।

दिनेश सारु
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

देवघाट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७४

छ. यस देवघाट गाउँपालिका अन्तर्गतका आधारभूत (१-३ र १-५) संचालित विद्यालयहरुमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक संख्या बढी भएको हुँदा ३० र ३० भन्दा कम विद्यार्थी संख्या भएका विद्यालयमा न्युनतम ३ स्वीकृत दरवन्दी, २० र २० भन्दा कम विद्यार्थी संख्या भएका विद्यालयमा न्युनतम २ वटा स्वीकृत दरवन्दी साथै १० र १० भन्दा कम विद्यार्थी संख्या भएका विद्यालयमा न्युनतम १ स्वीकृत दरवन्दी कायम राखी तपसिल बमोजिमका विद्यालयको दरवन्दी मिलान गरी आधारभूत तह (१-८), माध्यमिक तह (१-१० र १-१२ संचालित) तपसिल बमोजिमको विद्यालयमा दरवन्दी सहित कायम गरि खटन पठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल:**

विद्यार्थी संख्याको आधारमा दरवन्दी मिलान गरी शिक्षक सहित दरवन्दी थप हुने विद्यालय-२०८१

| क्र.स. | दरवन्दी बढी भएको विद्यालयको नाम ठेगाना | विद्यार्थी संख्या | कार्यरत शिक्षक, इसिडी सहजकर्ता र कर्मचारी संख्या | दरवन्दी थप हुने विद्यालयको नाम र ठेगाना | मिलान भई जाने शिक्षक, कर्मचारी, सहजकर्ताको नाम थर | तह | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | श्री महाकाली आवी-१ | १३+६३=७६ | ३ स्थायी,+१ राहत+१ रिक्त+१ सका+१ कास+१ सका(गापा)=८ | श्री पार्वती मा.वि., देवघाट-१ | लक्ष्मी वि.क. | बालविकास सहजकर्ता (गापा अनुदान) | |
| २ | श्री इन्द्रपुरी आवी.२ | २+४=६ | १ स्थायी+१ करा+१ कास=३ | श्री बालकेश मा.वि., देवघाट-२ | अजय कुमार नाउँ (स्थायी) | प्रा.वि. तृतीय श्रेणी | |
| ३ | श्री जनसेवा आवी-२ | ५+१०=१५ | १ स्थायी+१ करार+१ सका+१ कास=४ | श्री सर्वोदय आ.वि., देवघाट-२ | भगवान दास चौधरी (स्थायी) | प्रा.वि., तृतीय श्रेणी | |
| ४ | श्री बालकेश मावि-३ | ९+१५५=१६४ | ७ स्थायी +२ करार प्रावि+१ राहत प्रावि+१ निमा राहत +२ अनुदान मावि+१ सका+१ कास+१ लेखापाल=१६ | श्री बज्रयोगिनी मा.वि., देवघाट -५ | रुमा गुरुङ्ग (स्थायी) | प्रा.वि., तृतीय श्रेणी | |
| ५ | श्री शंकर आवी-३ | ३+६=९ | १ स्थायी +१ करार + १ सका + १ कास=४ | श्री राष्ट्रिय मा.वि., देवघाट-४ | रेनुका सुबेदी (करार) | प्रा.वि., तृतीय श्रेणी | |
| ६ | श्री कालिका आ.वि.,-३ | ६+१३=१९ | ३+१+१= ४<br>३ दरवन्दी, १ स.का., १ कर्मचारी | श्री बालकेश मा.वि., देवघाट-३ | शर्मिला गुरुङ्ग (करार) | प्रा.वि., तृतीय श्रेणी | |
| ७ | श्री सिद्ध आवी-४ | १२+३०=४२ | ४ स्थायी +२ सका+१ कास=७ | श्री भृकुटी मा.वि., देवघाट-३ | दिपा भुसाल (स्थायी) | प्रा.वि., तृतीय श्रेणी | |
| ८ | श्री महादेव आ.वि.,-५ | १२+९=२१ | ३ स्थायी, १ स.का., १ कास =५ | श्री बराह आ.वि. | शिवहरी वाग्ले (स्थायी) | प्रा.वि.,द्वितीय श्रेणी | |
| ९ | श्री मुकुन्देश्वरी आवी-५ | ३+१५=१८ | २ स्थायी+१ करार+ १ सका (गापा)+१ कास=५ | श्री कालिका मा.वि.,देवघाट-५ | शर्मिला मगर (स्थायी) | प्रा.वि., तृतीय श्रेणी | |

दिनेश सारु
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

देवघाट गाउँपालिका
गाउँपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

ज. यस देवघाट गाउँपालिकामा गाई भैसीको गोठ सुधार कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्नको प्रभावकारी कार्यविधी आवश्यक परेकोले सो सम्बन्धी कार्यविधी ***गाई/भैसीको गोठ सुधार कार्यक्रम सञ्चालन कार्यबिधि ,२०८१*** सर्वसम्मतले स्विकृत तथा पारित गर्ने निर्णय गरियो ।

छ. यस देवघाट गाउँपालिकाको प्रतिनिधित्व गरि देवघाट-५ को स्थायी बसोबास गरि कालिका मा वि मा अध्ययनरत मनिषा गुरुङले भारतको सिक्किममा आयोजित अन्तराष्ट्रिय सितोरियो कराँते प्रतियोगितामा सहभागी भई देवघाट गाउँपालिकाको नाम रोशन गर्ने गरि काँता प्रतियोगितामा स्वर्ण र कुमुतेमा कास्य पदक प्राप्त गरेकोले देवघाटको नाम उच्च स्थानमा राखेकोले सम्मान तथा प्रोत्साहन स्वरुप आर्थिक सहयोग खर्च शिर्षकबाट रु.पचीस हजार रुपैयाँ उपलब्ध गराउने निर्णय गरियो ।

दिनेश सारु
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

देवघाट गाउँपालिका
कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३